स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेत्री सुहाना थापाको फिल्म क्षेत्रमा “लभर गर्ल”को छवि छ। डेब्यु फिल्म “ए मेरो हजुर ३”बाट उनले यो छवि बनाएकी हुन्। त्यसपछिको फिल्म “ए मेरो हजर ४”मा पनि उनी त्यस्तै भूमिकामा देखा परिन्। अहिले भने उनी आफ्नो छवि परिवर्तन गर्दैछिन् । शुक्रबारदेखि देशभरका हलमा प्रदर्शन हुन लागेको फिल्म “परालको आगो”बाट। फिल्ममा उनले ग्रामीण परिवेशको पीडित तर दह्रो चरित्र “गौंथली”को भूमिका निर्वाह गरेकी छन्।

**आजको विचार...**



गणेश अम्गाई

डिजिटल...
(दुई पेजमा)

अभिनेत्री रेखा थापाको निर्देशन रहेको फिल्म “माया भनेकै यस्तो होला” आगामी भदौ २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण पक्ष र वितरकहरूबिच भएको आपसी सहमति र सम्झौता अनुसार फिल्म यो मितिमा रिलिज गर्न लागिएको वितरक करण श्रेष्ठले बताए। उनले भने “तीजको विशेष अवसर पारेर कुशे औंसी (बुबाको मुख हेर्ने दिन) फिल्म आउनेछ।” फिल्मको वितरण रीच इन्टरटेन्मेन्ट, एप्पल इन्टरटेन्मेन्ट र एफडी कम्पनीले जिम्मा लिएका छन्।



❒ वर्ष ३१ ❒ अंक २६६ ❒ २०८३ बैशाख १२ गते शनिबार 25 April 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी प्रदेशमा चैते धान रोप्ने क्षेत्रफल घट्दै

## उत्पादकत्वमा भने सुधार

भरत केसी/रासस

**लुम्बिनी,** वैशाख ११/लुम्बिनी प्रदेशका तराईका जिल्लामा चैते धानखेतीमा किसानको आकर्षण क्रमश: घट्दो अवस्थामा पुगेको छ । तराईका जिल्लाको तुलनामा पहाडी जिल्लामा भने चैते धानखेती विस्तार भए पनि सन्तोषजनक छैन ।

तराईका जिल्लामा धानखेतीको विकल्पमा हिउँदे मकैखेती लगाउने, केही जिल्लामा चिनी मिल सञ्चालनमा आएपछि किसान नगदे बालीको रुपमा उखुखेतीतर्फ आकर्षित हुँदा धानखेतीको क्षेत्रफल क्रमश: खुम्चिदै गएको छ । केही पहाडी जिल्लामा भने गहुँखेती भित्र्याएपछिको खाली जमिनको सदुपयोगका लागि चैते धान उपयोगी देखिँदा किसान चैते धानखेतीमा आकर्षित भएका पाइन्छन् । लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-६, खिल्जी दूरवाङका किसान यतिबेला चैते धान रोपाइँमा व्यस्त छन् । त्यसभेगका दूरवाङ, खङलङ, खँडारे र पिपली फाँटमा वर्षौंदेखि हुँदै आएको चैते धानखेती यहाँका किसानको जीवनशैली जस्तै बनेको छ । स्थानीय किसान पुनाराम गैरेले चैते धान रोपाइँका लागि झिमरूक नदीबाट पानी ल्याएर सिँचाइको व्यवस्थाका कारण सम्भव भएको हो । तर पछिल्ला वर्षमा मलको अभाव र मजदूर नपाइने समस्या गम्भीर बन्दै गएको उनी बताउन्छन् । सिँचाइको कुलोलाई थप व्यवस्थित गर्नुपर्ने, कृषि उपकरणको सहजता, मौलिक रैथाने बीउको संरक्षण र जैविक मलमा पनि आकर्षण बढाउन जरुरी रहेको गैरेले बताए । चैते धानखेती अर्घाखाँचीमा सँगै छिमेकी प्यूठानको ऐरावती गाउँपालिकाका बैरेनी, दमार, कुमाल गाउँका फाँटमा पनि झिमरूक नदीकै सिँचाइको भरमा चैते धान लगाइँदै आएको छ । लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालयका अनुसार अघिल्लो वर्ष तीन हजार ३८ हेक्टरमा भएको चैते धानको रोपाइँ गत वर्ष घटेर दुई हजार ६७७ हेक्टरमा सीमित भएको थियो । एकै वर्षमा ४११ हेक्टर क्षेत्रफल घटेको छ । यस वर्ष अझ घट्ने विभिन्न जिल्लाबाट प्राप्त प्रारम्भिक तथ्यङ्कले देखाएको छ । लुम्बिनी प्रदेशमा उत्पादकत्वमा भने सुधार भएको छ । तर क्षेत्रफल विस्तार भने सुस्त देखिएको छ । लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा धान उत्पादन १३ लाख ५० हजार ८८० मेट्रिक टन पुगेको छ । प्रदेशभर कूल दुई लाख ९८ हजार ६२२ हेक्टरमा धानखेती गरिएकामा औसत उत्पादकत्व प्रतिहेक्टर ४.५२ टन रहेको तथ्यङ्कले देखाएको छ । यसमध्ये वर्षे धानको हिस्सा अत्यधिक छ भने चैते धानको योगदान अझै सीमित देखिन्छ । प्रदेशका १२ जिल्लामध्ये रोल्पा र रुकुमबाहेक सबै जिल्लामा चैते धानखेती हुने भए पनि अधिकांश तराईका जिल्लामा यसको खेतीमा गिरावट देखिएको छ । प्रदेशमै अन्नको भण्डारको रुपमा चिनिने बर्दियामा नै अघिल्लो वर्ष एक हजार ४५० हेक्टरबाट घटेर गत वर्ष एक हजार २०१ हेक्टरमा झरेको छ । चैते धानप्रति किसानको आकर्षण घटनेक्रम कायमै रहेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका प्रमुख कमला अधिकारी बताउन्छिन् । आव २०७८/७९ मा एक हजार ६०० हेक्टरमा चैते धान रोपाइँ भएको थियो ।



फाईल फोटो

-बाँकी अन्तिम पेजमा...

## सक्षिप्त समाचार

### अफगानीस्तानमा बाढीका ६ को मृत्यु

(रासस/सिन्ह्वा)

**काबुल,** वैशाख ११/अफगानिस्तानका विभिन्न भागहरूमा भएको भारी वर्षाका कारण आएको आकस्मिक बाढीमा परी कम्तीमा छ जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले पुष्टि गरेका छन् । पश्चिमी बदघिस प्रान्तको प्राकृतिक विपद् व्यवस्थापन समितिका प्रमुख मावलावी बारिदाद साबेरले भारी वर्षा पछि बुधबार राति बाला मुर्घाब जिल्लाका विभिन्न क्षेत्रहरूमा बाढी आएको बताएका छन् । बडघिस प्रान्तमा बाढीका कारण तीन बालबालिका र दुई महिलासहित पाँच जनाको मृत्यु भएको अधिकारीले बताएका छन् भने बाढीले प्रभावित क्षेत्रका आवासीय घर र कृषि जग्गामा क्षति पुर्याएको छ । अफगानिस्तानको उत्तरमा रहेको समङ्गान प्रान्तमा दारा-इ-सुफ पायिन जिल्लामा भारी वर्षा पछि बिहीबार आएको बाढीमा एक जनाको मृत्यु भएको प्रान्तीय प्रहरीले जनाएको छ । उत्तरी फरयाब प्रान्तको विभिन्न भाग बाढीले बगाएको भएता पनि कुनै हताहत नभएको जनाइएको छ । अफगानिस्तानको मौसम विभागले बिहीबार देशका केही भागमा थप वर्षा र बाढीको पूर्वानुमान गरेको छ ।

## लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो लहर चल्ने



**पाल्पा,** वैशाख ११/लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो लहरको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । हाल नेपालमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । जसले गर्दा देशभर गर्मी बढ्ने देखिन्छ । महाशाखाका अनुसार सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा पनि तातो लहरको सम्भावना छ ।

यसैगरी, मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराईका साथै उपत्यका र खोचहरूमा तापक्रम बढ्ने सम्भावना छ । हाल मुलुकमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ भने हिमाली भू-भागका साथै कोशी प्रदेशका तराई भेगमा आंशिक बादल लागेको छ । देशका अन्य भागमा मुख्यतया मौसम सफा रहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार कोशी प्रदेशलगायत हिमाली र पहाडी भागमा साधारणतया बादल लाग्ने र बाँकी तराई भागमा आंशिक बादल लाग्नेछ । कोशी प्रदेशका हिमाली र पहाडी भागका केही, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भाग तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भेग, कोशी प्रदेशका तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा एवं हिमपातको सम्भावना छ । यसैगरी, मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराईका साथै उपत्यका र खोचहरूमा तापक्रम बढ्ने सम्भावना छ ।

## आज विश्व औलो दिवस नेपालमा पनि मनाइँदै

**पाल्पा,** वैशाख ११/आज विश्व औलो दिवस नेपालमा पनि विविध जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा सन् २००८ देखि यसका सदस्य राष्ट्रले अप्रिल २५ लाई विश्व औलो दिवसका रूपमा मनाउँदै आएका छन् । यस रोगबारे जनचेतना फैलाउने उद्देश्यका साथ प्रत्येक वर्ष अप्रिल २५ का दिन विश्वभर यो दिवस मनाउने गरिन्छ ।




नेपालमा स्वास्थ्य संस्था, स्वास्थ्य क्षेत्रमा काम गर्ने संघ-संस्था अनि कर्मचारीहरूले विभिन्न कार्यक्रम मार्फत तथा घरदैलो जस्ता विभिन्न जनचेतना मूलक कार्यक्रमको आयोजना गरेर यो दिवसको बारेमा जानकारी फैलाउने गर्दछन् । यसबारे कतिपय विकासोन्मुख देशका नागरिकहरूमा चेतना स्तरको कमी, स्वास्थ्योपचारको अभाव, गरिबी अनि हेलचेक्राईका कारणले मृत्युको संख्या आशा गरे अनुरूप घट्न भने सकेको छैन । यसको रोकथाम गर्न समयमा खोप, आवश्यक औषधोपचार तथा घरभित्र वा बाहिर सुत्दा अनिवार्य झूलको प्रयोग महत्वपूर्ण मानिएको छ । ‘एनोफिलिज’ नामक लामखुट्टेको टोकाइका कारण औलो (मलेरिया) रोग फैलिने गर्छ । औलो फैलाउने लामखुट्टे प्राय: फोहर तथा दूषित पानीमा बस्छ । विश्व स्वास्थ्य संगठनको एक तथ्यांक अनुसार औलो रोगबाट प्रत्येक वर्ष विश्वमा करिब ५० हजार मानिस प्रभावित हुने गर्छन् । जसमध्ये करिब २७ प्रतिशतको मृत्यु औलो रोगकै कारण हुने गर्छ । औलो रोगका कारण मृत्यु हुनेमा पाँच वर्षमुनिका बालबालिका धेरै छन् । यो रोगको जोखिममा मुख्यतया गर्भवती महिला तथा पाच वर्ष मुनीका बालबालिका रहने गरेका छन् । संसारमा पाइने औलोको परजीविमध्ये दुई परजीवि प्लाज्मोडियम फाल्सिपेरम तथा प्लाज्मोडियम भाइभेक्स जातको परजीविमात्र नेपालमा पाइन्छ । यसमध्ये प्लाज्मोडियम फाल्सिपेरम गराउने औलो रोग बढी कडा तथा खतरनाक हुन्छ । नेपालमा बर्सेनि करिब एक हजारको हाराहारीमा प्रयोगशालाबाट प्रमाणित औलो रोगी भेटिन्छन् । यो रोग वर्षायाम सुरु भएसँगै अप्रिलबाट सुरु हुन्छ । र, जुलाई देखि नोभेम्बर उच्च विन्दुमा रहन्छ । स्वास्थ्य संस्था र सरोकारवाला निकायले औलो निवारण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आएपनि नेपालमा औलोको प्रकोप कायमै छ । नेपालमा विगत एक सय वर्षदेखि औलोको समस्या देखिँदै आएको जनाइएको छ । यस रोगका बिरामीमा पक्षघात र मष्तिस्काघातको जोखिम हुने गर्दछ । चिकित्सकका अनुसार औलो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सरुवा रोग हो । औलो संक्रक्रमित ‘एनोफिलस’ जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो । गर्मी र वर्षायाममा लामखुट्टेको टोकाइबाट बच्न चिकित्सकको सुझाव छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# औलो नियन्त्रण गरौं

औलो मानिसका लागि धेरै पहिलेदेखि परिचित रोग हो । यसलाई अङ्ग्रेजीमा मलेरिया भनिन्छ । यो लामखुट्टेको टोकाइका कारणले लाग्ने रोग हो । मानिस तथा अन्य केही जनावरहरूलाई समेत लाग्ने यो रोग प्लाज्मोडियम समूहका प्रोटोजोआ परजीवीहरूका कारण लाग्ने गर्दछ । औलो लागेका बेलामा ज्वरो आउने, थकान महशुस हुने, बान्ता हुने र टाउको दुख्ने जस्ता सामान्य लक्षणहरू देखिन्छन् । यो रोगले गम्भीर रूप लिएमा छाला पहेँलो हुने, सिजरहरू आउने, कोमामा जाने वा मृत्यु हुने सम्भावना हुन्छ । लामखुट्टेले टोकेर परजीवी शरीरमा प्रवेश गर्यो भने त्यसको १० देखि १५ दिनमा लक्षणहरू देखिन सुरु हुन्छ । औलोको राम्रोसँग उपचार गरिएन भने केही महिनापछि दोहोरिन पनि सक्छ । एक पटक औलो लागेको केही समयपछि पुन दोहोरियो भने दोस्रो पटकमा केही हल्का लक्षणहरू देखिन्छन् । पछिल्लो समय सचेतनाको अभावका कारण औलोकमे जोखिम बढ्दै गएको छ । औलो रोगबारे जनचेतना फैलाउने उद्देश्यका साथ प्रत्येक वर्ष अप्रिल २५ अर्थात् आजकै दिन विश्वभर औंलो दिवस मनाउने गरिन्छ ।

'एनोफिलिज' नामक लामखुट्टेको टोकाइका कारण औलो रोग फैलिने गर्छ । औलो फैलाउने लामखुट्टे प्राय: फोहोर तथा दूषित पानीमा बस्छ । विश्व स्वास्थ्य संगठनको एक तथ्यांक अनुसार औलो रोगबाट प्रत्येक वर्ष विश्वमा करिब ५० हजार मानिस प्रभावित हुने गर्छन् । जसमध्ये करिब २७ प्रतिशतको मृत्यु औलो रोगकै कारण हुने गर्छ । औलो रोगका कारण मृत्यु हुनेमा पाँच वर्षमुनिका बालबालिका धेरै छन् । यो रोगको जोखिममा मुख्यतया गर्भवती महिला तथा पाँच वर्ष मुनिका बालबालिका रहने गरेका छन् । स्वास्थ्य संस्था र सरोकारवाला निकायले औलो निवारण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आएपनि नेपालमा औलोको प्रकोप कायमै छ । यसो हुनु दुखद् हो । औलो उन्मूलनका लागि भन्दै करोडौं रकम खर्च गरिएको छ तर परिणाम भने नगन्य रुपमा हुनु पक्कै पनि राम्रो होइन । औलो रोग लाग्न नदिनु लामखुट्टेको टोकाईबाट जोगिनु नै हो । त्यसको लागि लामखुट्टेको विकास र जीवनचक्र नाश गर्नु नै सबैभन्दा उत्तम उपाय हो । पानी जम्ने स्थानहरू कम गर्ने, बासस्थान नष्ट गर्ने, लामखुट्टेको लार्भा नाश गर्ने, लामखुट्टेको टोकाइबाट जोगिने, राति सुत्दा सधैं झुल प्रयोग गर्नुपर्दछ । शरीरका खुला अंगहरूमा लामखुट्टेबाट बच्न सकिने मलम लगाउने उपयोगी स्प्रे, लिक्विड, म्याट आदि पनि प्रयोग गर्न सकिन्छ । अर्कोतर्फ घर-घर, समुदायहरुमा जनचेतना फैलाउनु, शंकास्पद विरामीले तुरुन्त परीक्षण गर्ने जस्ता कुरामा ध्यान दिन सके मात्र औलो रोग नियन्त्रण गर्न सकिन्छ ।अन्यथा यस रोगको जोखिम थप बढ्न सक्ने छ ।

## Opinion @ Social Network

सानोमा कसैसंग घडी थिएन समय सबैसंग थियो
अहिले घडी सबै संग छ तर , समय कसैसग छैन..!
*(निषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Nisha.Ale)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# डिजिटल युगको राजनीतिमा अल्गोरिदमको जोखिम



**गणेश अम्गाईं**

*राज्यका संयन्त्रलाई भन्दा 'लाइक र सेयर' लाई बढी प्राथमिकता दिने यो प्रवृत्तिले प्रशासनिक गम्भीरतालाई कमजोर बनाउँछ । लोकप्रियताका लागि गरिने यस्ता होडबाजीले दीर्घकालमा संस्थागत पद्धतिलाई नै क्षति पुर्‍याउँछ ।*

सामाजिक सञ्जाल आजको युगमा केवल मनोरञ्जनको माध्यम मात्र रहेनन्, बरु यिनले मानव सभ्यताको सूचना उपभोग गर्ने र शक्ति सञ्चार गर्ने शैलीलाई नै आधारभूत रूपमा बदलिदिएका छन् । फेसबुक, टिकटक, एक्स (ट्विटर) र युट्युब जस्ता प्लेटफर्महरूले सूचनाको पहुँचलाई 'अभूतपूर्व लोकतन्त्रीकरण' गरिदिएका छन् । अब नेताहरू आफ्ना एजेन्डा लिएर परम्परागत मिडियाको गेटपाले पर्खिनुपर्दैनह तिनीहरू सिधै नागरिकको हात-हातमा रहेका मोबाइल स्क्रिनसम्म पुग्न सक्छन् । यसले सर्वसाधारणलाई आफ्ना प्रतिनिधिसँग प्रश्न गर्ने र राष्ट्रिय बहसहरूमा सहभागी हुने एउटा सशक्त मञ्च त दिएको छ, तर यसको गहिराइमा लुकेको 'अल्गोरिदम' को राजनीति भने निकै जटिल र विवादास्पद छ । सामाजिक सञ्जालका अल्गोरिदमहरू प्रयोगकर्ताको रुचि, डिजिटल व्यवहार र खोज इतिहासको सूक्ष्म विश्लेषण गरेर स्वचालित निर्णय गर्छन्। यो प्रविधिले एकातिर राजनीतिक सचेतना फैलाउन मद्दत गरेको छ भने अर्कोतिर यसले मानिसलाई 'इको चेम्बर' अर्थात् आफ्नै विचार मात्र दोहोरिने समूहमा सीमित पारिदिन्छ। यसले समाजमा वैचारिक ध्रुवीकरण गहिरो बनाउँदै लगेको छ, जहाँ मानिसहरू भिन्न मतप्रति असहिष्णु बन्दैछन् । तसर्थ, सामाजिक सञ्जालको यो अपार शक्ति एउटा 'दुईधारे तरबार' जस्तै सावित भएको छ ।

**निर्वाचन, अल्गोरिदम र जनमतको प्रहसन :** निर्वाचनको समयमा यी अल्गोरिदमले मतदाताको निर्णय प्रक्रियामा निर्णायक भूमिका खेल्छन्। प्रयोगकर्ताको 'डिजिटल पदचाप' (डिजिटल फुटप्रिन्ट) पछ्याउँदै अल्गोरिदमले उनीहरूको झुकाव भएका सामग्री मात्र देखाउँछ । यसले गर्दा तटस्थ मतदाताहरू पनि विस्तारै सूचनाको एकपक्षीय घेराबन्दीमा परेर कुनै एक विशिष्ट पक्षतिर ढल्किन पुग्छन् । यही बिन्दुमा राजनीतिक दलहरूले 'माइक्रो-टार्गेटिङ' मार्फत विशिष्ट भूगोल, उमेर वा समुदायका मानिसहरूलाई उनीहरूकै भावना अनुसारका विज्ञापन पठाएर प्रभावित पार्छन् । कतिपय अवस्थामा निर्वाचनको नतिजा सोचे जस्तो नआउँदा पराजित पक्षले 'अल्गोरिदम' वा 'सेटिङ' लाई दोष दिने प्रवृत्ति बढेको छ । तर, यथार्थमा प्रविधि सबैका लागि समान रूपमा उपलब्ध छ । सफलता उसैले पाउँछ जसले जनमनोविज्ञान बुझेर प्रभावकारी सामग्री पस्कन सक्छ । हारको दोष प्रविधिलाई मात्र दिनु नेतृत्वले आफ्नो कमजोरी र जनतासँगको दूरी लुकाउने बहाना मात्र हो । राजनीतिक दलको वास्तविक शक्ति उसको स्पष्ट विचारधारा, उच्च नैतिकता र कार्यसम्पादन नै हो । यदि कुनै दल भ्रष्टाचारमा मुछिएको छ वा जनभावना विपरीत छ भने, जतिसुकै महँगो डिजिटल व्यवस्थापनले पनि त्यसलाई जोगाउन सक्दैन । प्रविधिले सन्देशलाई फैलाउने काम मात्र गर्छ, तर सन्देशको गुदीमा 'दम' र नेताको व्यक्तिगत 'आचरण' सफा हुनु नै लोकतन्त्रको अनिवार्य शर्त हो ।

**पपुलिज्म र व्यक्तिपूजाको जोखिम**
आजको विश्व राजनीतिमा 'सस्तो पपुलिज्म' वा लोकप्रियतावादलाई सामाजिक सञ्जालले ठूलो मलजल गरेको छ। यसले कतिपय नेताहरूलाई रातारात 'भगवान' वा 'नायक' जस्तो बनाएर प्रस्तुत गरिदिन्छ, जसले समर्थकहरूमा अन्धभक्तिको विकास गर्छ । यो व्यक्तिपूजाको संस्कृति लोकतन्त्रका लागि घातक छ, किनकि यसले नागरिकको आलोचनात्मक चेतलाई कमजोर बनाउँछ। यस्तो लोकप्रियता अक्सर ठोस योजनामा भन्दा मानिसको आक्रोश र उत्तेजनामा टिकेको हुन्छ । जब जनताका आकाशगङ्गा जत्रा अपेक्षा र आश्वासनहरू पूरा हुँदैनन्, त्यही सामाजिक सञ्जालले ती नेताहरूलाई जति छिटो शिखरमा पुर्‍याएको थियो, त्यति नै धुत गतिमा भुइँमा पछारिदिन्छ। अत्यधिक 'हाइप' र प्रोपोगान्डाको भरमा बनाइएको छवि बालुवाको महल जस्तै अस्थिर हुन्छ । विपक्षीलाई कमजोर देखाउन प्रयोग गरिने 'मिस-इन्फर्मेसन' र 'डिस-इन्फर्मेसन' ले समाजलाई विभाजित मात्र गर्दैन, अन्तत: देशका लोकतान्त्रिक संस्थाहरू माथिको भरोसा नै समाप्त पारिदिन्छ । डिजिटल अधिनायकवाद र 'डेटा' को राजनीति आधुनिक राजनीतिमा अब सेना र हतियार भन्दा 'डेटा' शक्तिशाली भएको छ । जसको हातमा जनताको डेटा छ, उसैले जनमतलाई आफू अनुकूल मोड्न सक्छ । यसलाई राजनीतिक विश्लेषकहरू 'डिजिटल अधिनायकवाद' को संज्ञा दिन्छन् । अल्गोरिदमले नागरिकका संवेगहरू (डर, घृणा र गर्व) सँग खेलबाड गर्छ । जब कुनै राजनीतिक सन्देशले नागरिकको डर वा घृणालाई उक्साउँछ, अल्गोरिदमले त्यस्ता सामग्रीलाई 'भाइरल' बनाइदिन्छ। यसले गर्दा स्वस्थ बहस हराउँदै गएको छ र समाज 'हामी' विरुद्ध 'उनीहरू' को कित्तामा बाँडिएको छ । अहिलेको राजनीतिमा अर्को डरलाग्दो पक्ष भनेको 'बट्स' र 'नक्कली एकाउन्ट' को प्रयोग हो । हजारौंको सङ्ख्यामा रहेका नक्कली एकाउन्टहरूले कुनै एउटा विचारलाई कृत्रिम रूपमा ठूलो र लोकप्रिय देखाउन सक्छन्। यसले गर्दा सामान्य नागरिकलाई "सबैले यही भनिरहेका छन्, त्यसैले यो सही होला" भन्ने भ्रम पर्छ। यसलाई 'एस्ट्रोटर्फिङ' भनिन्छ, जहाँ कृत्रिम जनमतलाई वास्तविक जनलहर जस्तो बनाएर पेश गरिन्छ । यसले गर्दा वास्तविक धरातलका समस्याहरू ओझेलमा पर्छन् र 'डिजिटल हल्ला' ले देशको नीतिनिर्माणमा दक्खल पुर्‍याउँछ ।

**विश्व राजनीतिक घटनाक्रम र दुरुपयोगका पाठ :** विश्व राजनीतिमा सामाजिक सञ्जालको गलत प्रयोग र त्यसले निम्त्याएका संकटका केही प्रमुख उदाहरण निम्न छन्

**फिलिपिन्स (मार्कोस जुनियर):** सामाजिक सञ्जालमा ठूलो लगानी गरेर आफ्नो परिवारको तानाशाही इतिहासलाई 'स्वर्ण युग' भनी भ्रम फैलाए । सत्तामा पुगेपछि जब आर्थिक सुधार भएन, तब उनीहरूले ठूलो जनआक्रोश र विश्वसनीयताको संकट झेलिरहनु परेको छ ।

**मलेसिया (नाजिब रजाक):** रजाकले आफ्नो भ्रष्टाचार लुकाउन महँगा पीआर एजेन्सी र डिजिटल माध्यमको व्यापक प्रयोग गरे। तर, अन्तत: सामाजिक सञ्जालबाटै शुरु भएको नागरिक आन्दोलनले उनको साम्राज्य ढल्यो ।

**म्यानमार (सैनिक कू):** सैनिक सरकारले फेसबुकलाई रोहिंग्या विरुद्ध घृणा फैलाउन प्रयोग गर्‍यो। प्रविधिको यो अनैतिक प्रयोगले गर्दा म्यानमारको सैनिक जुन्टा आज विश्वमै एक्लिएको छ ।

**इटाली (माटेओ साल्भिनी):** आप्रवासी विरोधी कडा भाषण र भ्रामक तथ्याङ्कबाट छोटो समयमा चर्चा कमाए पनि ठोस नीति र डेलिभरी नहुँदा साल्भिनी विस्तारै चर्चाबाट हराउँदै गए।

भारत (आईटी सेल र चरित्रहत्या): संगठित 'आईटी सेल' मार्फत विपक्षीको चरित्रहत्या गरियो । तर, जब जनताले यो नियोजित प्रोपोगान्डा हो भन्ने बुझे, तब सोही प्रविधिले प्रोपोगान्डा फैलाउनेहरूलाई नै नैतिक संकटमा पारिदियो ।

**नेपालको सन्दर्भ र डेलिभरीको चुनौती**
नेपाल जस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशका लागि सामाजिक सञ्जाल केवल आन्तरिक राजनीतिको माध्यम मात्र होइन, यो 'न्यारेटिभ वार' को केन्द्र समेत बनेको छ । नेपालका कतिपय आन्तरिक मुद्दाहरू, सीमा विवाद वा ठूला विकास परियोजनाहरूका बारेमा सामाजिक सञ्जालमा सिर्जना गरिने वैदेशिक प्रायोजित ट्रेन्डहरूले राष्ट्रिय जनमतलाई उत्तेजित बनाउने गरेका छन् । यस्ता डिजिटल अभियानहरूले कहिलेकाहीं राज्यका संवेदनशील अङ्गहरूलाई समेत दबाबमा पार्ने र छिमेकी मुलुकहरूसँगको कूटनीतिक सम्बन्धमा दरार ल्याउने जोखिम बढाएका छन् । नेपालमा सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा यसको नियमन गर्ने कानूनी संयन्त्र भने अझै पनि अस्पष्ट र विवादित छ। एकातिर अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्नुपर्ने चुनौती छ भने अर्कोतिर 'साइबर बुलिङ' र प्रायोजित प्रोपोगान्डाले सामाजिक सद्भाव बिगारिरहेको छ। नेपालको मौलिक 'बहुभाषिक र बहुसांस्कृतिक' पहिचान माथि प्रहार हुने गरी फैलाइने भ्रामक सूचनाहरूले गर्दा अनलाइनको आक्रोश सडकको हिंसामा परिणत हुने जोखिम सधैं जीवितै छ। नेपालको वर्तमान राजनीतिमा पनि केवल टिकटक र फेसबुकमा 'भाइरल' भएकै भरमा नेता भइन्छ भन्ने गलत भाष्य निर्माण हुन थालेको छ । एउटा सच्चा नेतृत्वका लागि गहन ज्ञान, दूरदर्शी चिन्तन र जनताप्रतिको इमानदार समर्पण अनिवार्य हुन्छ । चिन्ताको विषय के छ भने, सरकारी निर्णय र आधिकारिक सूचनाहरू संस्थागत प्रणाली भन्दा फेसबुक स्ट्याटसबाट सार्वजनिक गर्ने प्रतिस्पर्धा चलिरहेको छ ।

राज्यका संयन्त्रलाई भन्दा 'लाइक र सेयर' लाई बढी प्राथमिकता दिने यो प्रवृत्तिले प्रशासनिक गम्भीरतालाई कमजोर बनाउँछ । लोकप्रियताका लागि गरिने यस्ता होडबाजीले दीर्घकालमा संस्थागत पद्धतिलाई नै क्षति पुर्‍याउँछ । सरकारी कामकारबाहीमा सामाजिक सञ्जालको अत्यधिक मोह भन्दा आधिकारिकता र परिणाममुखी काममा बढी सजग हुन जरूरी छ । त्यसैले, नेपाली राजनीति र समाजलाई प्रविधिको नकारात्मक असरबाट बचाउन राज्यले नियमनकारी निकायलाई मात्र होइन, नागरिकको विवेकलाई पनि उत्तिकै सुदृढ बनाउनुपर्ने देखिन्छ ।

**निष्कर्ष: विवेक र नैतिकताको शर्त**
सामाजिक सञ्जाल र आधुनिक प्रविधि आफैंमा नकारात्मक होइनन् । यसको उपयोग गर्ने व्यक्तिको नियत र विधिको आधारमा परिणाम तय हुन्छ । राजनीतिमा यसले ल्याएको पारदर्शिता र आम पहुँच प्रशंसनीय छ, तर यसलाई झुट र चरित्रहत्याको हतियार बनाइनु लोकतन्त्रको उपहास हो । यस समस्याको समाधानका लागि समुदायस्तरमै 'सामाजिक सञ्जाल साक्षरता' अभियान चलाउनु अनिवार्य छ । विद्यालयको पाठ्यक्रममा डिजिटल नागरिकता र सूचनाको सत्यता जाँच्ने विधिबारे शिक्षा दिनु आजको युगको माग हा` । राजनीतिक दलहरूले पनि क्षणिक चुनावी लाभका लागि सस्तो लोकप्रियताको सहारा लिनु सट्टा आफ्नो दीर्घकालीन दृष्टिकोण र जनसेवामा आधारित भएर प्रविधिको सही उपयोग गर्न सिक्नुपर्छ । प्रविधिले मानिसलाई क्षणिक रूपमा भ्रमित पार्न सक्ला, तर दीर्घकालीन राजनीतिमा केवल सत्य, निष्ठा र जनताप्रतिको सेवा नै टिक्छ । अन्तत: लोकतन्त्रलाई जीवन्त राख्न प्रविधिको सस्तो लोकप्रियता भन्दा माथि मानिसको विवेक र मानवीय नैतिकता नै सर्वोपरि हुनुपर्छ। प्रविधिको चमकधमकमा हाम्रा मौलिक लोकतान्त्रिक मूल्यहरू कतै हराउन नपाउन् भन्नेमा हामी सबै सचेत रहनुपर्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ ऊर्जा महसुस हुनेछ। कार्यक्षेत्रमा सकारात्मक परिवर्तन देखिनेछ। | **तुला** : सम्बन्ध सुधार गर्ने समय आएको छ। आर्थिक पक्षमा सावधानी अपनाउनुहोस्। |
| **वृष** : धनसम्बन्धी अवसर हात लाग्न सक्छ। पारिवारिक वातावरण सुखद रहनेछ। | **वृश्चिक** : आत्मविश्वासले काम सजिलो बनाउनेछ। गोप्य योजना सफल हुन सक्छ। |
| **मिथुन** : मन अलि चञ्चल रहन सक्छ। नयाँ सोचले काममा प्रगति ल्याउनेछ। | **धनु** : नयाँ अवसरले उत्साह थप्नेछ। अध्ययनमा सफलता मिल्नेछ। |
| **कर्कट** : धैर्यताले सफलता नजिक ल्याउनेछ। परिवारको साथ महत्वपूर्ण रहनेछ। | **मकर** : आर्थिक सुधार देखिनेछ। सहकार्य धैर्यले सफलता दिलाउनेछ। |
| **सिंह** :कार्यक्षेत्रमा प्रशंसा पाइनेछ। सिर्जनात्मक सोच बढ्नेछ। | **कुम्भ** : नयाँ विचारले काममा उन्नति ल्याउनेछ। साथीबाट सहयोग मिल्नेछ। |
| **कन्या** : काममा ध्यान केन्द्रित गर्नुपर्नेछ। सानो प्रयासले ठूलो उपलब्धि दिन सक्छ। | **मीन** : आत्मिक शान्ति महसुस हुनेछ। काममा सन्तुष्टि प्राप्त हुनेछ। |

# साहित्य दर्पण

निबन्ध — पेशल आचार्य

## सलाद बनाइँदै छ देश

शनिबार मेरा लागि सँधै सिर्जनात्मक हुने गरेको छ । त्यसैले होला शनिबार आएपछि मेरो मन चङ्गा भएर नीलाकाशमा कावा खान थालिहाल्छ । पहिलेपहिले हातले लेख्ने ती समयमा म प्राय: साथी भाइहरूलाई र घरबाहिर पढ्न या जागिरका शिलशिलामा बसेका बेला घरमा चिठीपत्र लेखेर प्रत्येक शनिबार बिताउँथे । लेख्नेपढ्ने काम गर्ने भएकाले र पेसाले सो एकदिन छुट्टी हुने भएकाले पनि म केही न केही लेखिरहने वा पढिरहने गर्छु । यो मेरो एकान्तिक सिर्जनात्मक कार्य हो । यो कर्म गरेको लगभग ३५ वर्ष बितेछन् अब त । धन्यवाद ! आजको शनिबारलाई । पेसाबाट हुने कहिले कहिलेको फुर्सदलाई उपयोग गर्दै म यो साप्ताहिक पत्रिकामा नियमित हुने प्रयास गर्दछु । कवि विधान आचार्यको एउटा २०४५ सालतिर 'मधुपर्क' मासिकमा प्रकाशित एउटा कविता थियो । शीर्षक त बिर्सिएँ तर भाव यस्तो थियो -'दिन आज पनि सित्तै गयो । मन आज पनि रित्तै भयो ।' त्यो कविताले मलाई भित्रसम्म छुने हुनाले किनकिन यद्यपि निकै मन पर्छ । जुन कविताले शनिबारको दिनलाई केही पनि नगरी बिताउँदा मनमा हुने खिन्नता र उदासिनता जो हाम्रो मनमा छाउँछ हो त्यसैलाई नै कविताले आफ्नो भावोद्गारमा उजागर गर्न खोजेको छ । त्यो कविता त्यसबेला निकै चर्चित थियो । आजका नयाँ पुस्ताका कविहरूले त्यो कवितालाई कसरी लिएका छन् ? पढेका छन् छैनन् मलाई केही थाहा छैन । गएको भदौ १४ गते पनि म केही न केही पढिरहेको थिएँ । विगत् २ महिनादेखि मेरो काखे कम्प्युटरको बेट्री डाउन भएकाले साउन र भदौ महिनालाई मैले पढ्ने महिनाको रूपमा लिएको थिएँ । दसैँमा त म केही न केही नयाँ पुस्तकहरू पढ्ने गर्थे । सो अनुसार यसपालि पनि पढेँ । तर सो २ महिनासम्म मैले नेपाली भाषामा लेखिएका करिब ३५ वटा जति किताब पढेँ हुँला । कतिपय नेपाली लेखकहरूको लेखन हैसियत र विषय चयनदेखि मलाई कुरीकुरी लागेर आयो । लेखनमा अझै जिम्मेवारी बोध नगर्ने र पाठकलाई विचरा कै शैलीमा देखेर आफ्नो मनज्ञानले जे देखेको छ त्यही गन्थन लेख्ने परम्पराले नेपाली साहित्यको विकास हुन नसकेको हो जस्तो मलाई लाग्यो । भारतमा तीन प्रकारका साहित्यिक कृतिहरू छन् । पहिलो स्तरीय साहित्य जसले भारतीय साहित्यको प्रतिनिधित्व गर्दछ । दोस्रो रेलवे साहित्य जो स्तरीय हुँदाहुँदा पनि बाजारीकृत गरी यात्राका लागि यात्रुलाई रोमाञ्चित हुने गरी लेखिएको हुन्छ । त्यसमा हलुका यौनको मसलाको प्रयोग गरिएको हुन्छ । अनि हुन्छ तेस्रो थर्ड क्लास वर्गको साहित्य जसले सोह्रदेखि पच्चीस वर्षका युवायुवतीलाई लक्षित गरी साहित्य लेखिएको हुन्छ र जसमा पूरै भल्यारिटी समेटिएको हुन्छ । समाजको चित्रण गर्ने क्रममा त्यो साहित्यले आफैं समाजमा धमिरा लगाएको हुन्छ । तर त्यसको बजार त्यहाँ खपिनसक्नुको हुन्छ । नेपालमा अहिले साठीको दसकमा बजारमा विभिन्न साजसज्जामा आएका उपन्यास बहुल पुस्तकको हविगत देख्दा भारतीय थर्ड क्लास स्तरको साहित्यभन्दा पनि गए गुज्रेको रहेको छ । यो परिस्थिति हुन त धेरै वर्ष रहँदैन । आफैं धमिलो पानी सङ्लिएझैं हुन्छ तर अलिक वर्ष यहाँका नेपाली लेखकले पाठकहरूलाई पोर्नो साहित्य पढाउने भए । नयाँनयाँ विषयमा अनुसन्धान गरेर रोचक नलेख्ने र साहित्यिक लेखनमा जोखिम नमोल्ने हो भने अबका पाठकहरूले कुनै पनि लेखक र उसको सिर्जनालाई २ कौडीको पनि ठान्दैनन् । मै हूँ भन्ने लेखकहरूको कृति एकहप्ता पनि नटिकी बजारबाट हराएको मैले पाएको छु । हुन त यो माहौल बजारवादले सिर्जना गरेको हो । विज्ञापन गर्ने प्रवृत्तिमा आएको बढोत्तरी र समूह निर्माण गरी हल्ला गर्ने अनि तेरोमेरो शैलीमा प्रायोजित लेखनको संस्कार नेपाली साहित्यमा विगत् केही समयदेखि हावी हुँदै गएको छ । यो उज्ज्वल भविष्यको द्योतक पक्कै होइन । गएको साउन र भदौमा मैले पढेका र मेरो दिमाग रन्थनिने गरी स्थान जमाएका पुस्तकहरूमा प्रयोगशाला, मेरो समय, खुसी, तुइन, संसारलाई साढे पाँच फन्को, साया, ह्वाइट केन, मोदी, रुक्माङ्द कटुवाल, नेपोलियन र सुकुमार सपना, शनै: शनै: रेगिस्तानहरू, भाँचिएको लौरो, सफलताको कडी, सपना देख्नेहरूका लागि र केही ओसो रजनीशका पुस्तकहरू रहेका छन् । पढेर दिमागमा केके भरिएजस्तो लाग्ने अनि लेख्न थालेपछि क्रमश: घट्दै गएर रित्तोजस्तो लाग्ने संसारका सबैजसो लेखकहरूलाई हुनेगर्छ क्यार ! मलाई पनि त्यसै भयो । पहिले भरिएजस्तो अहिले रित्तिएजस्तो । म पनि दिनहूँ केही लेखिरहनका लागि केही न केही पढिरहनु पर्ने मानिस भैसकेको रहेछु । म काम गर्ने विद्यालयले हामी शिक्षकहरूको आग्रहलाई मध्य नजर गर्दै केही रूचिका साथ विद्यालयमा 'पठन संस्कृति' को बढावा दिनका लागि सयौंथरी पुस्तक किनेर पढ्ने व्यवस्था गरेकाले अब फेरि नयाँनयाँ र शीघ्रपढ्ने बानी ममा अलिअलि गरी पन्पिन थालेकोछ । यसले मेरो करिब ३० वर्ष अगाडिको आईए गर्दा र विराटनगरमा पढ्न बस्दाको बानीलाई पुन: दोहोऱ्याई दिएको छ । त्यसैले एकातिर खुसी लागेको छ तर समय व्यवस्थापनमा भने समस्या निम्तिएको छ । २०७१ भदौको २१ गते पनि ठ्याक्कै शनिबार परेको थियो । 'छन्द र गजल लेखन कार्यशाला' नामक १ दिने तालिमका लागि नेपाली छन्द कवितामा गतिलागतिला कविता लेखिरहेका समकालीन चर्चित युवाकवि देवी नेपाललाई राजधानीबाट मन्थलीमा प्रशिक्षकमा रूपमा बोलाइएको रहेछ । उनले त्यहाँ विभिन्न तहमा अध्ययनरत करिब ६० जना विद्यार्थी र छन्द तथा गजलका जिज्ञासु नवोदित कविहरूलाई एकदिने तालिम दिएका थिए । सो कार्यक्रमको आयोजना रामेछापस्थित जन साहित्यिक मञ्चले गरेको थियो । थोरै मानिसको जमघट भए पनि कार्यक्रम राम्रैसँग जमेको थियो । कार्यक्रममा प्रमुख अतिथिका रूपमा निम्त्याइएका रामेछापका प्रमुख जिल्ला अधिकारीलाई रामेछापका ५५ वटै गाविसका विशेषता भएका ५५ श्लोक र जिल्लाको १ श्लोक गरी ५६ श्लोकको छन्दोबद्ध कविता कवि देवी नेपालद्वारा लेखिएको र जन साहित्यिक मञ्चले बनाएको करिब ६ फिट लम्बाई र अढाई फिट चौडाईको फ्लेक्स प्रिन्टमा छापिएको जिल्ला र गाविसका परिचय एवम् विशेषता छन्दोबद्ध कविताका रूपमा रामेछाप जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक प्रदर्शन गरेर राखिएको छ । हेर्दैमा आकर्षक लाग्ने सो प्रिन्ट कविताले रामेछापमा पहिलोपटक घुम्न आउने आन्तरिक र वाह्य पर्यटकलाई एकपल्ट आकर्षित नगरी छाड्दैन । आजको यो विचारको शीर्षक सापटीचाहिँ छन्दकवि देवी नेपालबाट पाएको हूँ । मेरो गोरुको बाह्रै टक्का भन्ने सोच भएका र उल्टा बुद्धिले राजनीति गर्दै आएका, संसद र संविधान सभाका सदस्यका रूपमा रहेका विभिन्न पार्टीका नेताहरू जो प्राय: आफ्नो लिँडेढिपी र भुत्तेतर्क छोडेर सहमति नमान्ने विशेषताले सुशोभित छन् तिनीहरूका बीचमा आठौं आश्चर्य भएर यदि कुनै सहमति भैदियो भने हाम्रो देश आगत माघ ८ गतेपछि अन्त्यहीन रूपमा सलाद बनाइँदै छ । अब चित्रबहादुर र कमल थापाहरूले टाउकै फोरी कसैगरी रोकेर पनि देशलाई संघीयतामा जानबाट रोक्न सक्दैनन् भन्ने आसयको छन्दोबद्ध कवितासङ्ग्रह उनले गत भदौ २८ गते शनिबार टुँडिखेलमा विमोचन गरेका छन् । मैले सो कार्यक्रमको अग्रिम निम्ता पाए पनि म उनको विमोचन समारोहमा उपस्थित हुन सकिनँ । त्यसमा आफैँलाई थक्थकी लागेको छ । आज यो विचार लेखेर सोही समारोहमा उपस्थित हुन नपाएको र आफ्ना मनमा लागेका केही सामयिक भावनाहरूको प्रस्तुत गर्दैछु । उनले सो कवितासंग्रहको अन्तर्यमा रहेका केही गाँठी कुरा हामीलाई २० गते राति नै सुनाएका थिए । सुन्नेमा हामी २ जना साहित्यिक प्राणी एक म र अर्को आख्यानकार माधव सयपत्री थियौं भने अर्का आयोजक मध्येका जसामञ्च रामेछापका अध्यक्ष होमराज श्रेष्ठ पनि थिए । रात्रीआराम गर्ने शिलशिलामा मन्थलीस्थित एस्एस् होटलमा उनी भन्दै थिए -जसरी तातोपानीमा कफी हाल्दा कफी आफैँमा बिलाएर गए पनि त्यो पानीलाई सुवासमय बनाएर कफीको स्वाद् अमर बन्दछ । त्यसरी नै मिलाउने भन्दैमा सधैँ सबैथोकको स्वाद् अमर हुँदैन । जस्तो मिलाउने भन्दैमा ग्रेभी सलाद बनाइदा त्यहाँ हालिने दही, चिनी, मरमसला र फलफूलका टुक्राहरूलाई जति नै मात्रामा पारखसाथ मिसाएर घोले पनि आफ्नो परिचय गुमाएर मौलिक स्वाद् दिँदैनन् । सलादमा कुनै पनि एक चिजको स्वाद् पनि अहम् रहँदैन/हुँदैन । देश पनि संघीयतामा गएपछि सलादजस्तै हुन्छ । छन्दमा सो कविता सुनाउँदा अनिँदा हामीहरू श्रवणीय मधुरताले त्यसैत्यसै मख्ख पर्‍यौं । वस्तुगत व्याख्या कफी र सलादको भए पनि सन्दर्भगत विश्लेषण भने नेपालको आगामी लोकतान्त्रिक शासन व्यवस्थाअन्तर्गत संघीयताको अझ त्यसमा पनि जातीय पहिचान सहितको संघीयताको नै रहेको छ । यति सानो र सुन्दर अनि प्राकृतिक सम्पदामा धनी रहेको देशलाई सलाद बनाएर हामी कतै गल्ती त गर्दैछैनौं । नेपालका एकथरी नेताहरू संघीयता नभएको संविधानको कामै छैन भन्दैछन् । जसरी पनि देश प्रादेशिक शासनमा जानै पर्छ भन्दैछन् । अर्कोथरीहरू नेपाललाई पुरानै हिन्दुराज्य र धर्मसापेक्ष मुलुक बनाउनुपर्छ भनेर न्वारानदेखिको बल फिकी आन्दोलनमा समेत गएका छन् । रोचक कुरा त के छ भने संविधान सभाको चुनावलाई वहिष्कार गरेको अनि गोलमेच सम्मेलनबाट अनायासै बाहिरिएको ड्यास माओवादीले जसरी होस् संघीयतामा १४ वटा प्रदेश हुनैपर्ने सो पार्टीका अध्यक्ष मोहन वैद्यले रडाको फिकेका छन् । अर्कोतिर काँग्रेस र एमालेहरू ६ देखि बढीमा ७ प्रदेशहरू भए पुग्ने भनेर भन्दैछन् । कसैकसैले त अहिलेका विकास क्षेत्रलाई नै ५ प्रदेशहरूको खाकामा लैजानु पर्ने बताएका छन् ।-*समकालीन साहित्य डटकम*

कथा — पारिजात

## कुनै गुलाफ ओभानो छैन यहाँ

'इकेबाना' म उसलाई पहिलोपल्ट यसरी सम्बोधन गरेर बोलाउँछु । ऊ मुस्कुराउँदै मेरो कोठाभित्र पस्छे । दुई दिनअघि चिनियाँ माटोको कचौरामा उसैले भरेको फूलतिर देखाउँदै म भन्छु 'इकेबाना अर्थात् यो फूल सजाउने कला जापानी जनजीवनको एउटा विशिष्ट दर्शन रहेछ । यो कलामा डाक्टरेटसम्म लिन पाइने रहेछ । जापानमा मानिसको जीवनलाई एकदम क्षणिक अहिले छ भरे छैनको रूपमा लिइने रहेछ, उनीहरू भाग्यमा बढी विश्वास गर्ने रहेछन् र आकस्मिक मृत्युको त्यति विश्वास गर्दैनन् रे । तिमीलाई थाहा छ, जीवनलाई यसरी लिनुको पछि पनि कारण रहेछ र मलाई अनौठो लाग्यो त्यो कारण भौगोलिक रहेछ ।' ऊ जिज्ञासा देखाएर मतिर एकाग्र हुन्छे । म भन्दै जान्छु, 'सधैँभरि भुइँचालोको कम्पनमा बाँच्नुपर्ने देशका नागरिकहरू कतिलाई भुइँचालो आएको र गएको पत्तै हुँदैन रे, कति यस्ता प्रकोपमा परेर मरिरहेछन्, रोएर बिलाप गरेर साध्य हुँदैन रे । त्यसैले यो जीवन अति क्षणिक छ भन्ने प्रवृत्तिगत विकासमा इकेबानाको सिर्जना भएको रहेछ । त्यसै पनि त जापानीहरू युद्धमा शत्रुको हातबाट मर्नुभन्दा पहिले हाराकिरी गरेर मर्छन् । इकेबानामा भर्खर मात्र प्रवेश गरेकाले सायद ती अर्थहरू केही पनि तिमीलाई थाहा छैन, थाहा त मलाई पनि छैन, तर त्यो कचौरामा भरेको फूललाई भने मैले आज आफ्नै पाराले अर्थ्याएँ, हुनसक्छ इकेबानाभन्दा यसले भिन्न अर्थ राखोस् ।' ऊ फेरि कचौरातिर एकाग्र हुन्छे, म भन्दै जान्छु, 'पृष्ठभूमिमा राखिएको स्नो ड्रप्सका ती सुइराजस्ता पातहरूले जीवनमा आउने हरियालीको प्रतीक बोकेको छ र त्यो एक्जोडी आधा फक्रेको गुलाफले युगल प्रेमीको अर्थ दिन्छ र ती क्रमश: ओइलाउन लागेका छन्, जसरी गुलाफ सधैँभरि ताजा रहँदैन ओइलाउनैपर्छ, जसरी जीवन पनि ओइलाउँछ । दायाँपट्टि सजाइएको त्यो एउटा स्नो ड्रप्स, जो हिउँजस्तै सेतो रङको छ त्यो प्रेममा हुनुपर्ने एकनिष्ठताको प्रतीक हो र फेदमा सजाइएका बाबरीका ती मसिना हरिया पातहरू बैँसमा आउने अज्ञात खुसियालीको प्रतीक हो र जुन बाबरीको बास्ना जस्तै क्रमश: मध्यम हुँदै जान्छ ।' ऊ छक्क परेर मेरो अनुहारमा हेर्छे र भन्छे, 'तपाईंले गजबले अर्थ्याउनुभएछ । वास्तवमा त्यति गहिरिएर मैले यसलाई भरेकै होइन, देख्दा सुन्दर लाग्यो, यसै राखिदिएँ ।' निकै बेर ती कचौरामा अर्थ्याइएका फूलहरूलाई हेरेपछि ओइलाएका गुलाफलाई फिक्तै ऊ भन्छे, 'हो, जीवनमा त कुन्नि किन बैँसको अवधि भने निकै क्षणिक हुन्छ जस्तो लाग्छ मलाई तथापि जीवनलाई भाग्य मान्ने पक्षमा छैन म ।' त्यसपछि फेरि कुतुतुतु हाँसेर भन्छे, 'हेर्नुस् न कस्तो विरोधाभास भएछ, एक त मलाई यो इकेबानाको असाध्य रुचि भइरहेछ, अर्कातिर डाक्टरले मलाई फूलको झ्याउतिर नजानुस्, तपाईंलाई एलर्जी छ यसको, त्यसो हो भने तपाईंको यो चिलाउने रोग ठीक हुँदैन भनेको छ ।' 'दु:खको कुरो अनि के गर्छौ त तिमी ?,' म सोध्छु । 'मैले वास्ता गरेकी छैन ।' यसो भन्दै ऊ सानो कैँची फिकेर बाहिरतिर गई र केही क्षणपछि एक अँगालो झारपात, लहरा, काँडा, फूल लिएर फर्की । त्यतिखेर म अर्को भाँडामा सजाइएको सुकेको हाँगालाई लपेट्ने मसिनो पात भएको हरियो लहरालाई अध्ययन गर्दै थिएँ आफ्नै पारामा । यो हरियो लहरा आशाको प्रतीक हो, जीवन जतिसुकै जर्जर र बूढो भए पनि त्यहाँ आशा मरेको हुँदैन, तर यो अर्थ पक्कै पनि इकेबानामा छैन । अचानक ऊ चिच्च्याएर उफ्रिन्छे र झारपातहरू भुइँभरि छरपस्टिन्छन् । म 'के भयो' भनेर उसलाई सोध्छु । एउटा फक्रिसकेको सेतो गुलाफतिर देखाउँदै भन्छे ऊ 'भुसिल्कीरा !' ऊ औँलाहरू झट्कार्न थाल्छे । म देख्छु, त्यो गुलाफमा एउटा कालो भुसिल्कीरा मज्जासँगले टाँसिएर बसेको रहेछ, हत्तपत्त नफर्ने गरी । 'ई अब चिलाउन थाल्यो' भन्दै ऊ हातगोडा मुसार्दै कन्याउँदै गर्न थाल्छे । एकछिन उसलाई स्वाभाविक हुन दिएपछि म प्रश्न गर्छु, 'यी सेता गुलाफका फूलहरूलाई तिमी के मान्छ्यौ ?' 'संसारभरि नै सेता गुलाफलाई पवित्रताको प्रतीक मान्छन् क्यारे, होइन ? मलाई राम्रो अध्ययन भने छैन है ।' भुसिल्कीरालाई त्यहाँबाट हटाउने साहस ऊ गर्दिन, त्यो कीरा डटेरै गुलाफमा बसिरहन्छ । म भन्न थाल्छु, 'तिमी मान या नमान, तर मैले यसलाई अर्कै किसिमले अर्थ्याएँको छु । त्यो सेतो गुलाफ पवित्र मान्छेको शरीरको प्रतीक हो, पवित्र मान्छेको अर्थ हुन्छ श्रम गर्ने मान्छे । त्यसैले त्यो गुलाफ श्रमजीवीको प्रतीक हो । त्यो कालो भुसिल्कीरा पसिना चुस्नेको प्रतीक, अलिअलि दखलले त्यो कीरा झर्दैन । त्यसलाई त्यस गुलाफबाट झार्न साहस चाहिन्छ, जस्तो तिमी त्यसलाई झार्न साहस गरिरहेकी छैनौ र तिम्रो एक्लैको साहसले पुग्दैन पनि ।' ऊ अलिकति हाँसेर भन्छे, 'हरे ! तपाईं जीवनको प्रत्येक पक्षलाई यसरी नै अर्थ्याउनुहुन्छ । श्रमशोषणभन्दा जीवनमा अरू थोक केही हुँदैन ? के यति रूखो छ जीवन ?' म पनि हाँसेर भनिदिन्छु, 'जीवन रूखो छैन, रसरंगले भरिएको हुन्छ, भुसिल्कीराहरूको जीवन । धेरै थोक हुन्छ जीवनमा, म यसलाई अस्वीकार गर्दिनँ, तर आधारचाहिँ श्रम र शोषण नै हो ।' केही बेर ऊ मौन बस्छे र अचानक बोल्छे, 'बेकार टिपिएछ त्यो अर्को गुलाफ पनि, बीचैमा खाइसकेको रहेछ भुसिल्कीराले, छि: ! अघि राम्रोसँग हेरिएन ।' एकैछिनपछि फेरि ऊ अघिजस्तै चिच्च्याएर बुरुक्बुरुक उफ्रन्छे, म छक्क परेर हेरिरहन्छु । आखिर उसका खुट्टामा जुका पनि टाँसिएर रगत चुस्न थालिसकेको रहेछ । डराउँदैडराउँदै ऊ कैँचीको सहाराले जुका फिक्छे । दोस्रो सन्त्रासको स्थिति फेरि स्वाभाविक भएपछि म आफ्नै पाराको निष्कर्ष फिक्छु, 'इकेबाना सजिलो रहेनछ, कठिन लाग्यो यसको प्रक्रिया मलाई त, भन्दा मात्र फूल । जापान मुलुकको जनजीवनको दर्शन निहित छ रे इकेबानामा । हाम्रो जीवनदृष्टि पनि निहित हुन खोजिरहेको छ जस्तो लाग्न थालिसकेको छ मलाई यद्यपि भौगोलिक दृष्टिकोणले जिउँदा ज्वालामुखीहरूमाथि बाँचिरहेका जाति होइनौं हामी ।' ऊ अब जिल्लिएर मलाई हेर्छे र भन्छे, 'तपाईंको कुरा मलाई अलिक स्पष्ट भएन ।' 'स्पष्टै छ त,' म भावुक भएर बोल्दै जान्छु, 'हाम्रो पनि त आफ्ना मान्छेहरूको जीवन आज छ भोलि छैन । पैसा कमाएर फर्कन्छु भनी लाहुर भासिएको छोरो फेरि घर फर्केर आउँदैन । डलर, पाउन्ड र भारतीय करेन्सीमा बिकेका हाम्रा वीर तन्नेरीहरू, सीमासीमामा जोखिमपूर्ण ठाउँहरूमा तैनाथ छन् । रातदिन मर्नमार्नलाई तयार । उनीहरूको जीवन पनि आज छ भोलि छैन, कति अनिश्चित । भुइँचालोको कम्पन अनुभव नगरेरै हामी कति अनिश्चित ! आजभोलि त नेपाली किशोरीहरू पनि खेत आलीबाट, वनजंगलबाट हराउँछन् र फेरि आउँदैनन्, आज छ भोलि छैन, कति अनिश्चित ! हेर, त्यो इकेबाना यी क्षणिक जीवनको प्रतीक कसरी हाम्रो जीवनदर्शन बन्दै गइरहेको छ ।' ऊ अँध्यारिएर घोप्टिन्छे र कैँचीले त्यो भुसिल्कीरालाई उप्काउने कोसिस गर्छे । गुलाफबाट भुसिल्कीरा त झर्छ, तर जीवनबाट ? एउटा विकराल प्रश्नचिह्न मेरो अघि उभिदिन्छ । म फूल भर्ने केटीलाई ठिक प्रश्नचिह्नजस्तो देख्न थाल्छु । त्यसपछि उसलाई आफ्नो नजिक बोलाएर झ्यालबाट पारि देखाउँदै भन्न थाल्छु, 'यहाँबाट देखिँदैन नि, उ: त्यो डाँडा हेर त हेर, ती ठूलठूलाहरूका बीचमा थला बसेको त्यो कच्ची इँटको घर सुन्दर अनुहारमा निस्किएको साक्री खटिराजस्तो देखिन्छ हगि ? हो, त्यही घरलाई हिजो रातिको बर्सातले थचारिदिएछ । त्यस घरमा एउटी बूढी आमै बस्छिन्, जसको छोरो केही वर्षअघि नेफामा मारिएको थियो ।' ऊ त्रसेर सोध्छे, 'के भएछ त्यो बूढी आमालाई ?' 'हुन त केही भएनछ, एउटा दलिन यसो छड्के परेर बसिदिएछ र बाँचिन,' म भन्दै जान्छु, 'बिहान यतातिर रुँदै आएकी थिइन् । भन्थिन् घर पनि आफ्नो होइन रे । क्याच्चै किचिएर मरेको भए बरु छोरा भएठाममा पुग्न पाइन्थ्यो, दु:ख पाउनलाई बाँचेकी ।' यस्तैयस्तै । कति अनिश्चित उसको छोराको जीवन, कति अनिश्चित उनको पनि, जीवन अहिले छ, भरे छैन यद्यपि हामी भुइँचालाहरूको कम्पन अनुभव गर्दै प्राकृतिक सन्त्रासलाई पचाएर बाँचेका जाति होइनौं । छरपस्टिएका फूलपातहरूलाई हेरेर ऊ एकाग्र हुन्छे, अँध्यारो देखिन्छे । मेरो भन्ने कुरा बाँकी नै हुन्छ, भन्दै जान्छु, 'पोहोरपरार सालतिर नागाल्यान्डमा मारिने एउटा लाहुरेकी आमाको कथा थाहा छ तिमीलाई ? अझै पनि त उनको एउटा छोरो हङकङमा छ । हङकङवाला छोराले हेर्दैन रे उनलाई । उनी आफ्नो विधवा बुहारीसँग बस्छिन् र आज-भोलि उनी एउटा नाति आङमा र एउटा नाति छेउमा राखी भैँ भाततिहुन पकाउँछिन् रे । बुहारीले जागिर खाएकी छे । कति अनिश्चित जीवन, कति अनिश्चित भविष्य ।' केही बेर हामी दुवै मौन बस्छौं, त्यसपछि खस्किएको आवाजमा ऊ भन्छे, 'मनको जस्तै पनि प्रगाढ घाउ समयको हेरफेरले निको तुल्याइदिन सक्छ । तर, एक्लिएर बाँच्नेहरूलाई हामीले दु:ख बिसाउने वातावरणसम्म दिन सकेका छैनौं ।' कताकता मेरो मन अमिलो हुँदै जान्छ । म एकैचोटि कराउँछु, 'इकेबाना, हाम्रो धर्तीमा फुलेको कुनै गुलाफ चोखो छैन, एकदम छैन । सबैलाई भुसिल्कीराले टोकिरहेको छ । कुनै गुलाफ ओभानो छैन यहाँ । सबैमा असुरक्षित र अनिश्चित बाँच्नेहरूको आँसु टल्किरहेको छ । डलर र पाउन्डमा बिक्री भएर जाने ती हाम्रा तन्नेरीहरू विवश होइनन्, नपुंसक भइरहेका छन् । हामी घरबासीहरू विवश होइनौं, काँतर भइरहेका छौं । हामी अपराधी हौं इकेबाना, अपराधी ! हामीलाई यी असुरक्षितका आँसुहरूले नडुबाउने त कुरै छैन एक दिन । खोइ हामीले भुइँचालोको कम्पन अनुभव गरेको ? फेरि यो अनिश्चितता किन बढ्दै छ ? क्षणभङ्गुरता हाम्रो जनजीवनको प्रतीक हुनै सक्तैन । फेरि यो के भएर गइरहेछ हामीलाई ?' हामी दुवै एकार्कालाई हेर्छौं । सायद हामी दुवै एकार्कालाई प्रश्नचिह्न देखिरहेका हुन्छौं । -*साहित्यपोस्ट डटकम*

# पाँचौं गुल्मी महोत्सव सुरु



**गुल्मी,** वैशाख ११/गुल्मीको सदरमुकाम तम्घासस्थित नुन्थलामा पाँचौं गुल्मी महोत्सव २०८३ शुक्रबारदेखि सुरु भएको छ । गुल्मी उद्योग वाणिज्य संघको आयोजनामा गुल्मीको सम्पन्नता र समृद्धिको निकास : शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा आधारित ब्यापारको विकास' भन्ने मुख्य उद्देश्यका साथ महोत्सव सुरु भएको हो ।

यहीं वैसाख २३ गतेसम्म सञ्चालन हुने महोत्सव अन्तर्गत कृषि, घरेलु तथा ब्यापार मेला रहेको छ । महोत्सवको रेसुंगा नगरपालिका प्रमुख खिलध्वज पन्थीले उद्घाटन गरेका हुन् । महोत्सवको उद्घाटन गर्दै नगर प्रमुख पन्थीले महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धन, पर्यटन विकास र आर्थिक गतिविधि चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले यस्ता महोत्सवले स्थानीय व्यवसायीलाई बजार उपलब्ध गराउनुका साथै जिल्लाको पहिचानलाई राष्ट्रिय स्तरमा स्थापित गर्न सहयोग पुग्ने धारणा राखे । महोत्सव मूल आयोजक समितिका अध्यक्ष मृगेन्द्रप्रसाद श्रेष्ठले यस वर्षको महोत्सवलाई अघिल्ला संस्करणभन्दा अझ व्यवस्थित, आकर्षक र उपलब्धिमूलक बनाउने लक्ष्य राखिएको बताए । उनका अनुसार महोत्सवमा करिब २५० वटा व्यापारिक स्टल रहने छन्, जसमा घरेलु उत्पादन, कृषि सामग्री, हस्तकला, लघु उद्योगका वस्तुहरूलाई विशेष प्राथमिकता दिइनेछ । उपाध्यक्ष ताराप्रसाद भुसालले स्टल व्यवसायीहरूलाई उपभोक्तामैत्री मूल्यमा सामान बिक्री गर्न आग्रह गरिएको जानकारी दिए । कम नाफामा धेरै बिक्रीको अवधारणाले उपभोक्ता र व्यवसायी दुवैलाई फाइदा पुग्ने विश्वास गरिएको उनले बताए । महोत्सवमा जलपरी, विभिन्न प्रकारका मनोरञ्जनात्मक पिङ, खेलकुद सामग्री तथा बालबालिकादेखि सबै उमेर समूहका लागि आकर्षक मनोरञ्जनका साधनहरू राखिएको छ । राष्ट्रिय तथा स्थानीय कलाकारहरूको सांगीतिक प्रस्तुति समेत महोत्सवमा रहेको छ । महोत्सवमा स्थानीय उत्पादन, कृषि उपज तथा घरेलु उद्योगको प्रवर्द्धन र बजारीकरण, आन्तरिक तथा बाहय पर्यटन प्रवर्द्धन, साना तथा मझौला उद्यमीलाई प्रोत्साहन गर्न, स्थानीय कला, संस्कृति, भेषभुषा र परम्पराको संरक्षणबारे विभिन्न स्टल तथा प्रस्तुति रहेको गुल्मी उद्योग वाणिज्य संघका अध्यक्ष मृगेन्द्रप्रसाद श्रेष्ठले बताए ।

## लुम्बिनी प्रदेशमा चैते...

...तर अहिले यसको खेती ६७९ हेक्टरमा मात्र सीमित भएको प्रमुख अधिकारीको भनाई छ । जिल्लामा चैते धान मात्र नभएर वर्षे धान लगाउने क्रम पनि क्रमश: घट्दो अवस्थामा रहेको उनी बताउन्छिन् । जिल्लामा चिनी उद्योग स्थापना भएपछि किसान धानखेतीमा भन्दा उखुखेतीमा आकर्षित भएका छन् । प्रमुख अधिकारीका अनुसार धानलगायतका बालीभन्दा उखु नगदे बालीको रुपमा रहेको, धेरै मेहनत गर्नु नपर्ने र कम लागतमा मुनाफा धेरै हुने भएकाले अधिकांश किसानले धानखेती छाड्दा यसको उत्पादन घट्दो अवस्थामा छ ।

पाल्पामा ७०० बाट ६३० हेक्टर, गुल्मीमा ३४० बाट ३१९ हेक्टर, अर्घाखाँचीमा २०० बाट १७० हेक्टर र रुपन्देहीमा ६० बाट ५४ हेक्टरमा सीमित भएको प्रदेश सरकारको तथ्यङ्क छ । कपिलवस्तुमा त झनै १० हेक्टरबाट घटेर पाँच हेक्टरमा मात्रै रोपाइँ भएको छ । यद्यपि केही जिल्लामा सामान्य वृद्धि देखिएको छ । प्युठानमा गत वर्ष ११५ हेक्टरबाट यस वर्ष झण्डै ४०० हेक्टर, नवलपरासीमा ५ बाट सात हेक्टर, दाङमा १९८ बाट २०० हेक्टर र बाँकेमा ३५ बाट ३६ हेक्टर पुगेको छ । प्यूठानमा यस गत वर्ष ११५ हेक्टर क्षेत्रफलमा चैते धानखेती लगाइएको थियो । जसमा झण्डै ४३७ मेट्रिक टन उत्पादन भएको तथ्यङ्क छ । यस वर्ष चैते धानको खेती गत वर्षभन्दा दोब्बर बढी ४०० हेक्टर बढी क्षेत्रफलमा रोपाइँ भएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख विनोद शर्माले जानकारी दिए । जिल्लामा चैते धानखेतीलाई नै केन्द्रित गरेर संघीय सरकारअन्तर्गत कार्यक्रम लागू भएकाले पनि किसानलाई उक्त कार्यक्रमको प्रोत्साहनका कारण चैते धानमा आकर्षण बढेको प्रमुख शर्माले बताए । जिल्लामा संघीय सरकारअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले विगत तीन वर्षदेखि चैते धानखेतीमा किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ । परियोजनाअन्तर्गत तीन वर्षअघि ४०० रोपनी क्षेत्रफलमा चैते धानखेतीमा किसानलाई सहभागी गराइएको थियो । यस वर्ष चार हजार ५०० रोपनी क्षेत्रफलमा धानखेती लगाइएको कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयका प्रमुख चुमानसिंह गिरी बताउन्छन् । उनी किसानलाई गहुँ स्याहारेपछिको चार/पाँच महिना जमिन खाली हुने समयमा चैते धानखेतीका लागि प्रोत्साहित गर्दा जमिनको सदुपयोग र यसको उत्पादन पनि राम्रो पाएका किसान यसप्रति आकर्षित भएको बतान्छन् । यसका लागि कार्यक्रमअन्तर्गत किसानलाई प्राविधिक सहयोग, बीउमा सहुलियत, सिँचाइ र कृषि औजारमा सहयोगको काम गर्दै आएको कार्यालय प्रमुख गिरी बताउन्छन् । तराईका जिल्लामध्ये पश्चिम नवलपरासीमा निक्कै कम क्षेत्रफलमा चैते धानखेती लगाउने गरिएको छ । यहाँ चैते धानभन्दा मकैखेतीमा किसानको आकर्षण बढेकाले धानखेती बढ्न नसकेको कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीका प्रमुख शिवप्रसाद अर्यालले बताए । चैते धानको बीउ विकास हुन नसक्नु, चैते धान मोटो प्रजातिको हुने भएकाले मसिनो धानप्रति किसानको आकर्षण, धान स्याहार्ने समयमा आकाशबाट पानी पर्ने समय हुने हुँदा किसानले नोक्सानी व्यहोर्नुपर्ने भय र उत्पादनको बजार पाउन समस्या हुने भएकाले यसप्रति खासै आकर्षण नभएको उनी बताउन्छन् । पश्चिम नवलपरासीमा पनि संघीय सरकारअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लागू भए पनि यो कार्यक्रम खासै प्रभावकारी हुन सकेको छैन । यद्यपि चुनौती पनि कम छैनन् । असारको वर्षामा धान भित्र्याउँदा सुकाउने समस्या, आधुनिक 'ग्रेन ड्रायर'को अभाव र उपभोक्ताको मसिनो चामलप्रतिको आकर्षणले बजार प्रतिस्पर्धा कठिन बनाएको छ । चैते धानखेतीमा किसानको आकर्षण बढाउन सिँचाइ विस्तार, मल बीउको सुनिश्चितता, आधुनिक प्रविधिमा लगानी र विश्वसनीय तथ्यङ्क प्रणालीमा चासो दिनुपर्ने देखिन्छ । प्रदेश कृषि निर्देशनालयका अनुसार खेती घट्नुको मुख्य कारण गाउँमा युवा जनशक्तिको अभाव, वैदेशिक रोजगारीतर्फ आकर्षण र बढ्दो लागत हो । तराईमा चैते धानभन्दा हिउँदे मकैखेती, उखुखेतीतर्फ आकर्षण बढ्दै गएको छ । कम लगानीमा पर्याप्त आम्दानी हुने भएकाले किसान वैकल्पिक बाली रोज्न थालेका हुन् ।

### खेलकुद समाचार

## चेन्नईद्वारा मुम्बई १०३ रनले पराजित



**काठमाडौं,** वैशाख ११/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटअन्तर्गत गएरातिको खेलमा चेन्नई सुपर किंगसले मुम्बई इन्डियन्सलाई १०३ रनले पराजित गरेको छ । मुम्बईको वानखेडे मैदानमा भएको खेलमा चेन्नईले दिएको २०८ रनको लक्ष्य पछ्याएको मुम्बई १९ ओभरमा १०४ रनमै अलआउट भयो । मुम्बईका तिलक वर्माले ३७ र सूर्यकुमार यादवले ३५ रन बनाए पनि अरू ब्याटरले खासै योगदान दिन सकेनन् । चेन्नईका अकिल होसिनले ४ ओभरमा १७ रन खर्चेर ४ विकेट लिए । त्यस्तै नूर अहमदले २ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको चेन्नईले २० ओभरमा ६ विकेट गुमाएर २०७ रन बनाएको थियो । चेन्नईका सञ्जु सामसनले अविजित १०१ रन बनाए । मुम्बईका अल्लाह मोहम्मद गजनफर र आश्विन कुमारले समान २ विकेट लिए । यो खेलपछि प्रतियोगिताको अङ्क तालिकामा चेन्नई पाँचौं स्थानमा उक्लिएको छ भने मुम्बई आठौं स्थानमा यथावत् छ । आइपिएलका सबैभन्दा सफल दुई टोलीबीचको प्रतिस्पर्धा भएकाले खेल शुरूदेखि नै रोमाञ्चक बनेको थियो ।


**सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०८/१५ गते तानसेन -५ ढुङ्गाखानीदेखि तानसेन बसपार्कतर्फ आउँने क्रममा तानसेन नगरपालिका -५ ढुङ्गाखानी निवासी विद्या रायमाझीको प्लस टु को माईग्रेसन सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम** : विद्या रायमाझी
**ठेगाना** : तानसेन-५,ढुङ्गाखानी, पाल्पा
**रजिष्ट्रेसन नम्बर** : ६५४७१८०४३
**माइग्रेसन सिरियल नं.:M** ४४४१६४
**सम्पर्क नं.** : ९८४७३४८९७७

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा सामान्य अंकको वृद्धि



**पाल्पा,** वैशाख ११/सेयर कारोबार साताको अन्तिम दिन शुक्रबार नेप्से परिसूचक सामान्य अंकले वृद्धि भएको छ । नेप्से परिसूचक १ दशमलव ५४ अंकले बढेको हो ।

नेप्से बढेसँगै २ हजार ७ सय ८८ दशमलव ७० विन्दुमा पुगेको छ । अघिल्लो दिन नेप्से परिसूचक १७ दशमलव १ अंकले घटेर २ हजार ७ सय ८७ दशमलव १५ विन्दुमा अडिएको थियो । सो दिन ५ अर्ब ९ करोड मूल्य बराबरको सेयर कारोबार भयो । यसदिन नेप्से सामान्य अंकले बढ्दा कारोबार रकममा पनि बिहीबारको तुलनामा वृद्धि भएको छ । ५ अर्ब २७ करोड बढी मूल्यको कारोबार भएको छ । ३५१ स्क्रप्सको १२ करोड १ लाख ७४ हजार ५१६ कित्ता सेयर ५ अर्ब २७ करोड ३ लाख ९९ हजार ७२७ रुपैयाँमा खरिदबिक्री भए । तीनवटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । पाल्पा सिमेन्ट इन्डस्ट्रिज,शिखर पावर डेभलपमेन्ट र माइ खोला हाइड्रोपावरको सेयर १५ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा रिडी पावर कम्पनी शीर्ष स्थानमा रह्यो । सो कम्पनीको २७ करोड बढीको कारोबार भयो । रिलायन्स स्पिनिङ्स मिल्स र नेसनल हाइड्रोपावरले २४/२४ करोडको सेयर कारोबार गर्दा सोलु हाइड्रोपावरको २३ करोड र आँखु खोला जलविद्युतको २० करोड बराबरको कारोबार भयो । ६ समूहको उपसूचक बढ्दा बाँकी अरु समूहको उपसूचक नकारात्मक देखिए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई